# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ३० गते ०८ साल

भाग १२

## संसद्–मन्त्रालयको सूचना

०८।६।२३

नेपाल राज्यभरको जनसंख्या लिने कामका निमित्त २००७ सालदेखि २०० जवान म्यादी सुपरभाइजरहरू भर्ना भैरहेका छन् । हाल विचार गर्दा उक्त जवानहरूले मात्र नभ्याउने देखिएकोले म्यादी ६० जवान सुपरभाइजर थप भर्ना गर्ने निश्चय भएको छ । तराईमा काम गर्न तराईवासीहरूलाई सजिलो पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

नेपालीमा राम्रो लेखपढ गर्न सक्ने तराईवासीहरूले आगामी माघ ३ गते-सम्ममा यस मन्त्रालयमा पुग्ने गरी आवेदनपत्र पठाउनुभए विशेष विचार हुनेछ ।

सेक्रेटरी—संसद्—मन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।